# प्रेस विज्ञप्ती - १७८
# Press Release-178

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मिति:-२०७३/०८/२७ गते

## नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ सहित ५जना पक्राउ ।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बिरगंजद्धारा विशेष सुचनाको आधारमा मिति २०७३ मंसिर २३ गते बारा जिल्ला भलुहिभरवलिया गा.वि.स.वडा न. ५ बस्ने वर्ष १८ का केशव महतो र सोही गा.वि.स. वडा न.३ वस्ने वर्ष १७ का राजेश दासलाई नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ नाईट्रोभेट ६० ट्याब्लेट सहित पक्राउ गरिएको थियो । प्रारम्भिक सोधपुछको क्रममा निजहरुबाट प्राप्त सुचनाको आधारमा निम्न ब्यक्तिहरुलाई काठमाण्डौको बिभिन्न स्थानबाट नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ (डाईजेपाम १०६० एम्पुल, बुप्रेनर्फिन १०६० एम्पुल र फेनार्गन १०६० एम्पुल समेत जम्मा ३१८० एम्पुल) सहित पक्राउ गरिएको हो ।

१. काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ६ बस्ने बर्ष ४१ को सुनिता परियारलाई मिति २०७३ /०८/२६ गते १४:०० बजेको समयमा काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.१५ स्वयंभुबाट ***नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ डाईजेपाम १०७ एम्पुल, बुप्रेनर्फिन १०७ एम्पुल र फेनार्गन १०७ एम्पुल समेत जम्मा ३२१ एम्पुल*** सहित पक्राउ गरिएको छ । निज महिलाको साथबाट ४५ हजार रुपैया समेत बरामद गरिएको छ ।

२. झापा जिल्ला तोपगाछी गा.वि.स.वडा नं. ६ घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. चावहिल मैजुवहाल बस्ने वर्ष ३२ को अनुप बराईली र का.जि का.म.न.पा. वडा नं. ६ महांकाल बस्ने बर्ष २६ का आदर्श तामाङलाई मिति २०७३ /०८/२६ गते १६:०० बजेको समयमा नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ डाईजेपाम ८६० एम्पुल, बुप्रेनर्फिन ८६० एम्पुल र फेनार्गन ८६० एम्पुल समेत जम्मा २५८० एम्पुल र खैरो हेरोइन १ ग्राम सहित चावहिल मैजुबहालबाट पक्राउ गरिएको छ ।

३. मिति २०७३ /०८/२६ गते १७ बजेको समयमा काठमाण्डौ जिल्ला का.म.न.पा. बडा नं. १७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला गावाहल बस्ने बर्ष ३२ को बिष्णु रणपहेलीलाई काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ३५ कोटेश्वर बालकुमारीबाट निजले चढेको बा.६४ प ४२८० नं.को सेतो अपाचे मोटरसाईकलको दाहिने लेगगार्डमा झुण्डाएको प्लास्टिकको झोलाभित्र लुकाएको अबस्थामा नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ डाईजेपाम ८८ एम्पुल, बुप्रेनर्फिन ८८ एम्पुल र फेनार्गन ८८ एम्पुल समेत जम्मा २६४ एम्पुल सहित पक्राउ गरिएको छ ।

४. मिति २०७३ /०८/२६ गते १८:०० बजेको समयमा जिल्ला सिन्धुली कमलामाई न.पा वडा नं. ११ घर भई हाल काठमाणडौ, नारायणटार माकलवारी डेरा गरी बस्ने वर्ष ३० को बिजय तामाङलाई नियन्त्रित लागु तथा मनोद्दिपक पदार्थ डाईजेपाम ५ एम्पुल, बुप्रेनर्फिन ५ एम्पुल र फेनार्गन ५ एम्पुल समेत जम्मा १५ एम्पुल सहित काठमाण्डौ बौद्ध गेटबाट पक्राउ गरिएको ।

**लामो समय देखि अवैध लागु औषध तथा मनोद्दिपक पदार्थको कारोबारमा संलग्न अभियुक्त** अनुप बराईलीले उक्त लागु तथा मनोद्दिपक पदार्थ भारतबाट बिराटनगर, बिरगन्ज तथा भैरहवा नाकाहुदै ओसारपसार तथा बिक्रि बितरण गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । निजहरुलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ संसोधन सहित) बमोजिम मुद्दा दर्ता गरी थप अनुसन्धान भईरहेको छ ।

***★ यस लागु औषधको अनुमानित बजार मूल्य रु १७ लाख रहेको छ ।***

• • •

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com


औषध नियन्त्रण




तपाईलाई !